गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

# संस्था दर्ता कार्यविधि, २०७८

# गौशाला नगरपालिका

## महोत्तरी

## मधेश प्रदेश, नेपाल

प्रमाणिकरण मिति : २०७८।१२।१८

# संस्था दर्ता कार्यविधि, २०७८

## संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यबस्था गर्न बनेको कार्यबिधि

प्रस्तावनाः सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, वैद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी, गैर नाफामुलक संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, वदिवास नगरपालिका नगरकार्यकार्यपालिकाबाट यो कार्यविधी पारित गरिएको छ ।

### परिच्छेद १

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१) यस कार्यविधिको नाम "संस्था दर्ता कार्यविधि, २०७८" रहेको छ ।

२).यो कार्यबिधिको विस्तार गौशाला नगरपालिका भर हुनेछ ।

३).यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा:-विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क)"संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक,बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लव, मण्डल, परिषद्, अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शव्दले मैत्री संघ समेतलाई जनाउंदछ ।

(ख) "स्थानीय अधिकारी" भन्नाले गौशाला नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनुपर्छ र त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ग) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनुपर्छ ।

## परिच्छेद २

**३.** दर्ता नगरी संस्था खोल्न नहुने : यस कार्यविधि वमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुदैन ।

**४.**संस्था दर्ता: (१) संस्था दर्ता चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुले संस्था सम्वन्धी देहायको विवरण खुलाई अनुसुची ३ वमोजिमको ढाँचा अनुसारको संस्थाको विधानको एक प्रति रल तोकिएको एक हजार रुपैंया दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची -१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क)संस्थाको नाम,

(ख)उद्देश्यहरु,

(ग) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) वमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जांचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी अनुसुचि २ वमोजिमको ढाँचामा दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र नवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिन भित्र त्यस्तो निर्णय उपर गौशाला नगरपालिकाले तोकेको अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) वमोजिमको उजूर प्राप्त भएपछि गौशाला नगरपालिकाले तोकेको अधिकारीले आवश्यक जांचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तूर तोकिएवमोजिम हुनेछ ।

**५.** संगठित संस्था मानिने : (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामवाट नालिस उजूर लाग्नेछ ।

६. संस्थाको सम्पत्ति : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्वसंस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाईमा चित्त नवुझ्ने व्यक्तिले पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्व कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानून वमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :

(१) यो कार्यबिधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून वमोजिम दर्ता नभई स्थापना भईरहेका संस्थाले पनि यो कार्यबिधि प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो कार्यविधि वमोजिम दर्ता गराउनु पर्नेछ ।

८. संस्थाको उद्देश्यहरुमा हेरफेर :

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान वमोजिम असाधारण सभा बोलाउनु पर्नेछ ।

(२) असाधारण सभामा उपस्थित भएका जम्मा सदस्यसंख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव असाधारण सभावाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. हिसावको विवरण पठाउनु पर्ने : प्रवन्ध समितिले आफ्नो संस्थाको हिसावको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

गैशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

१०. हिसाव जाँच गर्ने : (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत स्थानीय अधिकारीले हिसाव जाँचवाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नवढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाव जाँचेको प्रतिवेदन स्थानीय अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

११. निर्देशन दिने: नेपाल सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. दण्ड सजाय: (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दुई हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने

सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्वन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ वमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को

संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गौशाला नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३.** पुनरावेदन : दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैतीस दिनभित्र गौशाला नगरपालिकाको न्यायीक समितिमा पुनरावेदन लाग्नेछ ।

**१४.** संस्थाको बिघटन वा त्यस्को परिणाम : (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गौशाला नगरपालिकामा हस्तान्तरण हुनेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ ।

**१५.** नियम बनाउने अधिकार : यस कार्यबिधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा पुगेमा गौशाला नगरपालिकाले आवश्यक निर्णय गर्न वनाउन सक्नेछ ।

**१६.** अन्य कार्यबिधि वमोजिम दर्ता वा स्थापना गर्नुपर्ने : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्वन्धमा अर्को कार्यविधिमा छुट्टै व्यवस्था भएकोमा यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही कार्यविधि बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१७.** खारेजी वा वा बचाउ :

(२) यस अघि गौशाला नगरपालिकाको निर्णय बमोजिम भएका यस प्रकृतिका संस्था हरु यसै कार्यविधि वमोजिम दर्ता भए सरह मानिनेछ ।

गौशाला नगरपालिका

## अनुसूची – १
(दफा ४ सँग सम्बन्धित)
## निवेदनपत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत,
गौशाला नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।
गौशाला, महोत्तरी ।

महोदय,
हामीले .............................. सम्वन्धी संस्था खोल्न चाहेकोले गौशाला नगरपालिका को संस्था दर्ता कार्यविधि, २०७८ वमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण
१. संस्थाको नाम:-

२. संस्थाको उदेश्यहरु:-

क)

ख)

ग)

घ)

३. प्रवन्ध समितिका सदस्यहरुको नाम :-

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

अनुसूची-२

(दफा ४ सँग सम्वन्धित)

# गौशाला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गौशाला, महोत्तरी

मधेश प्रदेश, नेपाल

## संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष/सचिव ।

..........................................................................सस्था दर्ता कार्याबिधी २०७८ को दफा ४ बमोजिम.........................................गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

स्थानीय अधिकारीको सही:-

पूरा नाम :-

दर्जा :- प्रमुख प्रशासकीय अधिकृत

कार्यालय :- गौशाला नगरपालिका

**नविकरण**

| नविकरण गरेको मिति | दर्ता प्रमाणपत्र बहाल रहने अवधी | नवीकरण दस्तुर | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची – ३

(दफा ४ सँग सम्बन्धित)

संस्थाको बिधानको ढाँचा

श्री ..........................................

................................................. को

विधान ।

प्रस्तावना

................................................ यो विधान संस्था दर्ता कार्यविधि २०७८, को अधिनमा गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संस्थाको नाम : यस संस्थाको नाम ................................................ रहनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना : ............................................................

(ख) संस्थाको कार्यक्षेत्र :

यस संस्थाको कार्यक्षेत्र ............................................ रहनेछ र अन्य जिल्लामा शाखा विस्तार वा कार्यक्रम सञ्चालन गर्नलाई संवन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृत लिनु पर्नेछ ।

(ग) प्रारम्भ : यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

(घ) संस्थाको अस्तित्व :

१. यो संस्था अविच्छिन्न उत्तराधिकारवाल संगठित गैर मुनाफा रहित सामाजिक संस्था हुनेछ ।

२. संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न सक्नेछ ।

३. संस्थाले व्यक्ति सरह आफ्नो नावोट नालिस उजुर गर्न सक्नेछ र सोही उपर पनि सोही नामवाट नालिस उजुर लाग्नेछ ।

४. संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधकारको हनन् गर्नेछैन ।

२. परिभाषा : परिभाषा नियम वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) विधान भन्नाले ................................................ विधानलाई सम्झनु पर्दछ ।

(ख) संस्था भन्नाले ................................................ लाई जनाउँछ ।

(ग) समिति भन्नाले यस विधानको दफा १३ वमोजिम गठित कार्य समितिलाई जनाउँछ ।

(घ) सभा भन्नाले यस विधान वमोजिम वसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँछ ।

(ङ) पदाधिकारी भन्नाले संस्थाका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(च) नियम विनियम भन्नाले यस विधान अन्तर्गत वन्ने नियम विनियमलाई जनाउँछ ।

(छ) स्थानीय अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ज) तोकिएको वा तोकिए वमोजिम भन्नाले यो विधान र यस विधान अन्तर्गत वनेको नियम विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

(झ) स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका उपमहानगरपालिका, महानगरपालिका र जि.स.स. लाई जनाउनेछ ।

(ञ) आवश्यकता अनुसार थप गर्न सकिने ।

३. संस्थाको छाप र चिन्ह : प्रचलित व्यवस्थाका प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि-१ वमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद - २

४. संस्थाको उद्देश्य :

१. यस संस्थाको उद्देश्यहरु देहाय वमोजिम हुनेछ ।

(क) यो संस्था गैह्र मुनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख)

(ग)

(घ)

५.संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:

यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।

(क) संस्थाले प्रचलित नेपाल कानून वमोजिम सम्वन्धित निकायवाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्न वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम वैंकमा जम्मा गरी वैंक खाता सञ्चालन गर्नेछ ।

(ङ) यो संस्थाले कुनै पनि काम गर्दा स्थानीय निकायसंग समन्वय गरी गर्नेछ ।

## परिच्छेद-३

## सदस्यता

६. सदस्यताको वर्गिकरण:

(क) साधारण सदस्य: यस विधानको दफा ७ वमोजिम योग्यता पुगेको कुनै नेपाली नागरिकले तोकिएको प्रक्रया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन्।

(ख) संस्थापक सदस्य: यस संस्था दर्ता हुँदको वखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरु साधारण वा सदस्यता लिएर विधान वमोजिमको शुल्क वुझाउनु पर्नेछ ।

(ग) आजीवन सदस्य: संस्थाको विकासको लागि विशेष सहयोग, योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्य प्रदान गरिनेछ । घ

(घ) मानार्थ सदस्य: उपर्युक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकतालाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ । तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

७. सदस्यता प्राप्तीको लागि आवश्यक योग्यता : यस संस्थाको सदस्यकोलागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) नेपाली नागरिक भएको ।

(ख) ............ वर्ष उमेर पुगेका महिला तथा पुरुष

(ग) मानसिक सन्तुलन नगुमाउको ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सँजाय नपाएको ।

(च) कुनै पनि राजनैति पार्टीमा संलग्न नभएको । (छ) सामाजिक कार्यमा अभिरुची नभएको ।

८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :

देहायका कुनै व्यक्ति संस्थाको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

(क) गैर नेपाली नागरिक

(ख) ............... वर्ष उमेर पुरा नगरेको

(ग) मगज विग्रेको वा वहुलाएको ।

(घ) दामासाहीमा परेको

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

(च) कुनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाँजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसूरदार ठहरी सँजाय पाएको एक वर्ष भित्र ।

(छ) सम्वन्धित संस्थाको व्यवसायमा निजी स्वार्य भएको ।

(ज) सदस्यता शुल्क बुझाउन वाँकी भएको ।

९. सदस्यताको समाप्ती :

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको वहाल रहने छैन ।

(क) यस विधानको दफा ८ वमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

(ख) साधारण सभाको दुई तिहाई सदस्यहरुको वहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पास गरेमा ।

(ग) सदस्यले आफ्नो पदवाट दिएको राजीनामा स्वीकृत भएमा ।

(घ) संस्थाको काम कारवाही वदनियत गरेको कुरा अदालतवाट प्रमाणित भएमा ।

(ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

(च) सदस्यता शुल्क वुझाउन वाँकी भएमा ।

(छ) संस्था विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघी संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सवुद पेश गर्ने मौका दिइनेछ ।

१०. सदस्ता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

१. साधारण सदस्य

(क) साधारण सदस्य प्राप्त गर्न चाहनेले प्रवेश शुल्क वापत रु. ........... र सदस्यता मासिक शुल्क वापत रु. ........... वुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए वमोजिमको शुल्क वुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्नेछ ।

२. संस्थापक सदस्य :

(क) यो संस्था दर्ता हुँदाको वखतको तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य रहनेछन्।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए वमोजिमको शुल्क वुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्नेछ ।

३. आजीवन सदस्य : संस्थामा एकमुष्ट रु. ........... वुझाई तोकिएको प्रक्रिया अन्तरगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४. मानार्थ सदस्य कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

६. सवै सदस्यहरुले यस विधान र अन्तरगत वनेको नियम र विनियम वमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उप दफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद-४

**साधारण सभा, कार्य समिति तथा वैठक सम्वन्धि व्यवस्था :**

११. साधारण सभाको गठन

१. यस विधानको दफा ७ वमोजिम प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरु संस्थाको साधारण सभाको गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन्, साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

२. यस संस्थाको साधारण सभा देहाय वमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा वस्नेछ ।

(ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्य समितिले कम्तीमा सात दिन भित्र अनिवार्य रुपमा वोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष सभा वसेको ६ महिना भित्र पुन विशेष साधारण सभा वस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समप्त भएको मितिले दुई महिना भित्र गरिनेछ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगाबै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सवै साधारण सदस्यलाई अनिवार्य रुपमा सूचना दिईनेछ ।

५. उप दफा (४) वमोजिम वोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ वमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुन: साधारण सभा वोलाईनेछ ।

१२. साधारण सभाको काम कर्तव्य र अधिकार :

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने ।

(ख) लेखा परिक्षकबाट प्राप्त भएका वार्षिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरिक्षण प्रतिवेदनबाट देखिएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित

गर्न नमिल्ने वेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखापरिक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान वमोजिमको प्रक्रिया अन्तरगत रही निर्वाचन गर्ने ।

(च) कार्य समितिबाट पेश भएका विधान संशोधन नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका कामकारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुको आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

१३. कार्य समितिको गठन :

१. साधारण सभाका सदस्यहरुवाट निर्वाचित देहाय वमोजिमको पदाधिकारी रहने सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

अध्यक्ष

उपाध्यक्ष

सचिव

कोषाध्यक्ष सदस्यहरु

२. कार्य समिति कार्यकाल : ..... वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनु भन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको विवाद आएमा वाँकी अवधिको लागि कार्य समितिका सदस्यहरुले मनोनित कार्य समितिलाई मान्न सकिनेछ । ट यसरी सो पद निर्वाचित भएको सदस्यको कार्यका पुन सदस्य भएको सो सदस्य वाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ । तर अन्य पदहरुका लागि विधान वमोजिम वाँकी अवधिको निमित्त निर्वाचन प्रत्रियाद्वारा पदपूर्ति गरिनेछ ।

४. कार्य समितिको वैठक आवश्यकता अनुसार अध्यक्षले वोलाउनेछ । तर कार्य समितिका पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले वैठक वोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको वैठक तुरुन्त वोलाउनु पर्दछ ।

५. कार्य समितिका पदाधिकारीहरुको कुल संख्याको ५१% पदाधिकारीहरु उपस्थिति नभै कार्य समितिको वैठक वस्ने छैन ।

६. कार्य समितिको वैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ तर निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा वैठकमा उपस्थित भएका सदस्यहरु मध्य जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ ।

८. कार्य समितिको वैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय कितावमा लेखि राखिनेछ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सवै सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमत जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको संपूर्ण कार्य कार्य समितिको निर्णयवाट हुनेछ ।

१०. माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्य सम्वन्धमा कार्य समितिका सवै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतीलाई निर्णय पुस्तिका संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सक्नेछ । उपरोक्त वमोजिमको सहमतिलाई कार्य समितिको वैठक निर्णय सरह मानिनेछ ।

१४. कार्य समितिको काम कर्तव्य र अधिकार : कार्य समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट वनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२.विधान वमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३.संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।

४.साधारण सभाप्रति उत्तरदायी रहने ।

५.संस्थाको उद्देश्य प्राप्तका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग प्रयोग गर्ने ।

६.संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना वनाउने, श्रोत जुटाउने, कार्यन्वयन सुपरिवेक्षण र अनुगमन गर्ने ।

७.संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र वैंक खाता खोली सञ्चालन गर्ने ।

८.संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्वन्धी कर्मचारी नियमावली वनाई साधारण सभावाट स्वीकृत गराई लागू गर्ने गराउने ।

९.संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य, अवधिमा उपर्युक्त व्यत्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको वाँडफाँड गरीदिने ।

१०.संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने । ठ

१५. पद त्याग गर्न सक्ने :

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्षलाई राजिनामा दिई पद त्याग गर्न सक्नेछन्।

१६. अन्य समितिहरु :

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्नेछन् तर साधारण सभाको वैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकि दिए वमोजिम हुनेछ ।

## परिच्छेद-५

१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

अध्यक्षको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) समिति र सभाको वैठकको अध्यक्षता गर्ने वैठक सञ्चालन गर्ने ।

(ख) निर्णायक मत दिने । (ग) संस्थाको नेतृत्व लिने ।

(घ) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(ङ) आवश्यकता अनुसार वैठकहरु वोलाउन सचिवलाई कामको वाँडफाँड गर्ने ।

(च) अभिलेख प्रमाणित गर्ने ।

उपाध्यक्षको काम, कर्तब्य र अधिकार

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

(घ) अन्य तोकिएको कार्य गर्ने ।

सचिवको काम, कर्तब्य र अधिकार

(क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार वैठक र सभा वोलाउने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूर्ण रुपले पालना गर्ने ।

(ङ) अध्यक्षको सहमतिमा प्रस्ताव तयार गरी कार्यपत्र पेश गर्ने ।

(च) विभिन्न क्षेत्रबाट आएका प्रतिक्रिया, सिफारिश, निर्णयहरु समितिमा पेश गर्ने ।

कोषाध्यक्षको काम, कर्तब्य र अधिकार

(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने ।

(घ) नियमितरुपमा वार्षिक लेखापरिक्षण गराउने ।

(ङ) संस्थाको आवश्यक ठानेको ठाउँमा समितिको वैठकले तोकेको खर्च अध्यक्षको आदेशमा रकम निकासा गर्ने र अध्यक्षको आदेश विना रकम निकाशा गर्न नपाउने ।

(च) जिन्सी सामान तथा भौतिक संरचनाको रेखदेख गर्ने ।

सह-सचिवको काम, कर्तब्य र अधिकार

(क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

(ख) सचिवको निर्देशन अनुसार काम गर्ने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) सचिवको अनुपस्थितीमा काम गर्ने ।

सदस्यको काम, कर्तव्य र अधिकार

(क) समितिको वैठकमा सक्रिय भूमिका निर्वाह गर्ने ।

(ख) संस्थाका कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

१८. गणपूरक संख्या :

१. कूल सदस्य संख्याको ६०% साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुनेछैन ।

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए वमोजिम पुन वोलाइएको साधारण सभामा कूल सदस्यको संख्याको ५१% उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

१९. संस्थाको कोष :

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय वमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन ।

(क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

(ख) कसैले इच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

(ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रीवाट प्राप्त रकम ।

(घ) विदेशी संस्था व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थावाट सहयोग वापत प्राप्त रकम ।

(ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

(च) संस्थाको उद्देश्य अनुरुप आयोजना गरिएको समारोह, कार्यक्रम आदिवाट प्राप्त रकम ।

२. विदेशी संघसंस्था वा व्यक्तिवाट आर्थिक सहयोग तथा अनुदान लिनु पर्ने भएमा समाज कल्याण ऐन २०४९ दफा १६ वमोजिम समाज कल्याण परिषद्को पूर्व स्वीकृति लिनु पर्नेछ ।

३. संस्थामा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी वैंक खाता सञ्चालन गरिनेछ ।

२०. खाता सञ्चालनः संस्थाको वैंक खाता अध्यक्ष वा सचिव र कोषाध्यक्ष (अनिवार्य) को संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. कोषको रकम खर्च गर्ने तरिका : संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

(क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित वजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएमा रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्ने पर्नेछ ।

२२. संस्थाको लेखा र लेखा परिक्षण :

१. संस्थाको आय-व्ययको लेखा प्रचलित कानून वमोजिम स्पष्ट तवरले राखिनेछ ।

२. संस्थाको लेखापरिक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरिक्षकवाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै वखत पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच्न वा जचाउन सक्नेछ ।

४. लेखापरिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

## परिच्छेद-७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्वन्धी व्यवस्था

२३. निर्वाचन सम्वन्धि व्यवस्था :

(क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढिमा ११ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्धारा गठन गरिनेछ ।

(ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यववस्थित गर्नेछ ।

(ग) निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(घ) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४. उमेदवार हुने योग्यता :

कार्य समितिको उमेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) साधारण सदस्यता प्राप्त गरेको ।

(ख) नेपाली ना.प्र. पत्रको प्रमाण पत्र प्राप्त गरेको ।

(ग) कम्तीमा १८ वर्ष उमेर पुगेको ।

(घ) मानसिक सन्तुलन नगुमाएको ।

(ङ) प्रचलित ऐन कानूनले दोषि नठम्याएको ।

(च) संस्थाको उद्देश्य प्रति वफादार भएको ।

२५. अविश्वासको प्रस्ताव :

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय वमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ । ज्ञण

(क) नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ । -

(ग) साधारण सभा सदस्यहरु मध्यबाट कम्तीमा १/४ (एक चौथाई) सदयहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२. उपदफा १ वमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान, मिति समय समेत तोकि संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) वमोजिम साधारण सभा वा विशेष साधारण सभा वस्ने सूचना दिईनेछ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ वमोजिम प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउन पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उप-दफा ३ (ख) वमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने काम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय वमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयकोघोषणा गर्नेछ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने अर्को समूह छुट्टाएर वा

(ख) साधारण सभाको सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्ष्मा गोप्य मतदान गराएर

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) वहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन्।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएमा ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

२६. विधान संशोधन :

कुल सदस्य संख्यको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष शिफारिस गरि पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२७. नियम वनाउन सक्ने :

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम वनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत वनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्वन्धी विनियम वनाई लागू गर्न सक्छ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्था :

(क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यन्वयन विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्थामा भएमा नेपाल सरकारको पूर्व स्वीकृत लिई निजले काम गर्ने अवधि पुऱ्याउने सेवा कामको औचित्य सुविधा सम्वन्धमा स्थानीय अधिकारी जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराईन्छ ।

२९. संस्था खारेज :

१. साधारण सभाले अनावश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ वमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव गर्नको लागि एक वा एक भन्दा बढी लेखा परिक्षहरु नियुक्ति गर्न सक्नेछ । तर संस्थाको नाउँको अचल सम्पत्ती विक्री गर्दा विक्री गर्नु पूर्व स्थानीय अधिकारीको स्वीकृति लिनु पर्नेछ ।

३. उपदफा २ वमोजिम लिक्विडेटर र लेखा परिक्षहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम हुनेछ ।

४. यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी वाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३०. व्याख्या :

यो विधान र विधान अर्न्तगत वनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।
३१. ऐन अनुसार हुने : यस विधानमा उल्लेख नभएका कुराहरु कानून वमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानूनसंग वाँझिएको हदसम्म स्वत : निष्कृय हुनेछ ।

३२. निर्देशनको पालना :

१. नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

२. संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुने विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ संगठनको सम्वन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको वर्खिलाप हुन जाने वा नेपालको अखण्डता सार्वभौमसत्ता स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलवल पुग्ने कुनै काम कुरा गर्ने छैन

३३. तदर्थ समिति :

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समिति गठन गरि नयाँ कार्य समितिको निर्वाचन गराउने छ। सो को जानकारी स्थानीय अधिकारीलाई दिनेछ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्यसमितिले गरेका कामकारवाहीहरु यसै विधान सरह भएको मानिने छ।

३४. हामी ............................................ निम्न संस्थापकहरु यस विधान वमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षको रोहवरमा विधानमा सहीछाप गर्दछौं।

अनुसूचि-१

(विनियमको दफा ३ संग सम्वन्धित)

संस्थाको लोगो

संस्थाको चिन्ह र छाप

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

अनुसूचि-२

सपथ म ............................ यस ................................... समितिको साधारण सभाबाट ........................ पदमा निर्वाचित भएकोमा आफ्नो कार्यकालको अवधिमा संस्थाको विधान नीति, नियम अनुसार संस्थाको हित र स्वार्थलाई सर्वोपरी मानी व्यक्तिगत स्वार्थ हितलाई त्यागि संस्था प्रति मन, वचन र कर्मले आफ्नो पदीय जिम्मेवारी पुरा गर्नेछु ।

सपथ गराउने

सपथ लिने

प्रमाणीकरण